बैठक संख्याः ०३।२०८०।८१

मितिः २०८०।०६।०४

समयः विहान ११: ०० बजे

स्थानः भूमे गाउँपालिका गाउँ कार्यपालिकाको बैठक कक्ष

भूमे गाउँपालिकाका अध्यक्ष श्री होम प्रकाश श्रेष्ठज्यूको अध्यक्षता र देहायका कार्यपालिका सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी पेश भएका प्रस्तावहरु उपर छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थितिः

| क.सं. | दस्तखत | नाम थर | पद | कार्यालय |
|---|---|---|---|---|
| १. | | होम प्रकाश श्रेष्ठ | अध्यक्ष | भूमे गाउँपालिका कार्यालय |
| २. | | सविना बुढा | उपाध्यक्ष | भूमे गाउँपालिका कार्यालय |
| ३. | | मनकाजी पुनमगर | वडाध्यक्ष | १ नं वडा कार्यालय |
| ४. | | नारायण पुनमगर | वडाध्यक्ष | २ नं वडा कार्यालय |
| ५. | | प्रशुराम बुढा | वडाध्यक्ष | ३ नं वडा कार्यालय |
| ६. | | श्याम प्रसाद बुढा | वडाध्यक्ष | ४ नं वडा कार्यालय |
| ७. | | टेक प्रसाद बुढा | वडाध्यक्ष | ५ नं वडा कार्यालय |
| ८. | | बिक्रम पुन मगर | वडाध्यक्ष | ६ नं वडा कार्यालय |
| ९. | | संगम रोका | वडाध्यक्ष | ७ नं वडा कार्यालय |
| १०. | | दिनेश रोका | वडाध्यक्ष | ८ नं वडा कार्यालय |
| ११. | | विनोद बुढा | वडाध्यक्ष | ९ नं वडा कार्यालय |
| १२. | | सुनकुमारी रोका | कार्यपालिका सदस्य | भूमे गाउँपालिका कार्यालय |
| १३. | | भिमला वि.क. | कार्यपालिका सदस्य | भूमे गाउँपालिका कार्यालय |
| १४. | | फोमली बुढा | कार्यपालिका सदस्य | भूमे गाउँपालिका कार्यालय |
| १५. | | भारती नेपाली | कार्यपालिका सदस्य | भूमे गाउँपालिका कार्यालय |
| १६. | | भागिलाल दमाई | कार्यपालिका सदस्य | भूमे गाउँपालिका कार्यालय |
| १७. | | जीत बहादुर कामी | कार्यपालिका सदस्य | भूमे गाउँपालिका कार्यालय |
| १८. | | देविलाल वि.क. | सचिव / प्रमुख प्रशासकीय अधिकृत | भूमे गाउँपालिका कार्यालय |

अन्य उपस्थिति

| | | | | |
|---|---|---|---|---|
| १. | | उपेन्द्र यादव | ज. स्वा. नि. | भूमे गाउँपालिका |
| २. | | प्रेम प्रसाद भट्टराई | अधिकृत छैटौं | ,, |
| ३. | | चेतन बुढा मगर | सहायक पाँचौं | ,, |
| ४. | | सन्तोष घर्तिमगर | सब-इन्जिनियर | ,, |
| | | | | |
| | | | | |
| | | | | |

## भूमे गाउँपालिका, रुकुम (पूर्व)

**बैठक सं. ३ / ०८०/८१ मिति २०८०/०६/०४ को कार्यपालिका बैठकको प्रस्ताव तथा निर्णयहरुको संक्षिप्त बेहोरा किताब**

**प्रस्तावहरुः**

| प्रस्ताव नं. | प्रस्तावहरु | कैफियत |
|---|---|---|
| १ | निर्णय कार्यान्वयन समीक्षा सम्बन्धमा । | |
| २ | कार्यप्रगति र सेवा प्रवाह समीक्षा सम्बन्धमा । | |
| ३ | प्रशासनिक भवन निर्माणका लागि लागत साझेदारी सम्बन्धमा । | |
| ४ | नमुना कृषि गाउँ निर्माण कार्यक्रमका लागि वडा छनौट सम्बन्धमा । | |
| ५ | सडक मर्मत संभारको कार्य सुचारु सम्बन्धमा । | |
| ६ | एम्बुलेन्स खर्च शुल्क मिनाहा सम्बन्धमा । | |
| ७ | स्थानीय समन्वय समितिमा पदाधिकारी मनोनयन सम्बन्धमा । | |
| ८ | उपभोक्ता समितिको जनश्रमदान सम्बन्धमा । | |
| ९ | उपभोक्ता समिति वा लाभग्राही समुदायमार्फत सार्वजनिक निर्माण गराउने कार्यको लागत अनुमानमा विविध खर्च सम्बन्धी व्यवस्था सम्बन्धमा । | |

भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ख्वाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल
२०७३

निर्णय प्रमाणित गर्दछु
हस्ताक्षर:
मिति: २०८०/६/६
पद :

भूमे गाउँपालिका, रुकुम (पूर्व)

बैठक सं. ३/०८०/८१ मिति २०८०/०६/०४ को कार्यपालिका बैठकको प्रस्ताव तथा निर्णयहरुको संक्षिप्त बेहोरा किताब

निर्णय नं. १:

अघिल्लो कार्यपालिकाका बैठकको निर्णय कार्यान्वयनका विषयमा समीक्षा गर्दा जम्मा १० वटा निर्णय भएकोमा ६ वटा निर्णय कार्यान्वयन भएको र बाँकी ४ वटा निर्णयहरु कार्यान्वयन भई नसकेको अवस्था रहेकोले सबै शाखा/ इकाई / केन्द्र र अन्तर्गतका कार्यालयहरुबाट कार्यान्वयन कार्ययोजना बनाई शिघ्र कार्यान्वयन गर्ने निर्णय गरियो।

निर्णय नं. २:

गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गतका विषयगत शाखा, इकाई, वडा कार्यालय र स्वास्थ्य संस्थाहरुले अघिल्लो भाद्र महिनामा सम्पादन गरेका कार्यहरुको समिक्षा गर्दा कार्यप्रगति र सेवा प्रवाहको अवस्था सन्तोषजनक नै रहेको पाइयो ।

निर्णय नं. ३:

स्थानीय तहको प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७९ बमोजिम संघीय सरकार र स्थानीय तहको लागत सहभागितामा निर्माण हुने कार्यक्रममा कुल लागत अनुमानको कम्तिमा ४० प्रतिशत रकम सम्बन्धित स्थानीय तहले बेहोर्ने व्यवस्था बमोजिम यस स्थानीय तहले प्रशासनिक भवन निर्माण कार्य सञ्चालनका लागि लागत रु. २५,००,०००।-( अक्षरुपी रु. पच्चिस लाख मात्र ) व्यवस्था गर्ने निर्णय गरियो ।

निर्णय नं. ४:

भूमे गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को स्वीकृत कार्यक्रम अनुसार नमुना कृषि गाउँ निर्माण कार्यक्रमका लागि रु. ६,००,०००।- (अक्षरुपी रु. छ लाख मात्र ) विनियोजन भएकोमा सो कार्यक्रम कार्यान्वयनको लागि भूमे गाउँपालिकाकाको वडा नं. ८ को कुचिवाङ गाउँलाई छनौट गर्ने निर्णय गरियो ।

निर्णय नं. ५:

वर्षातको समयको समाप्ति र नजिकिँदै गरेको चाडपर्वको समयलाई मध्यनजर गर्दै भूमे गाउँपालिकाका स्थानीय सडकहरुको मर्मत संभार तथा सरसफाइ कार्यको प्रक्रिया अगाडी बढाउने निर्णय गरियो । साथै, संघ तथा प्रदेशस्तरीय सडकहरुको मर्मत संभार तथा सरसफाइका लागि तत् तत् निकायमा समन्वय गर्ने निर्णय गरियो ।

निर्णय नं. ६:

भूमे गाउँपालिका वडा नं. ८ निवासी जोखे रोका पक्षघात भइ गाउँपालिकाको एम्बुलेन्स प्रयोग गरी उपचारका लागि नेपालगञ्ज गएको र निजको आर्थिक अवस्था कमजोर भइ एम्बलेन्स सेवा प्रयोग गरेवाफतको खर्च शुल्क समेत तिर्न नसक्ने अवस्था रहेकोले उपचार गर्न प्रयोग गरिएको एम्बुलेन्स सेवा शुल्क रु. २१,०००। - (अक्षरुपी रु. एक्काइस हजार मात्र ) मिनाह / छुट दिने निर्णय गरियो ।

निर्णय नं. ७:

भूमे गाउँपालिकाको अपाङ्गता भएका व्यक्तिको परिचय- पत्र वितरणसम्बन्धी कार्यविधि, २०७५ को दफा ६ बमोजिमको स्थानीय समन्वय समितिमा देहायका व्यक्तिहरुलाई मनोनयन गर्ने:

निर्णय प्रमाणित गर्नेको
हस्ताक्षर :
मिति :
पद :

क)	गाउँपालिकाले मनोनयन गरेको महिला सदस्यः	- सुन कुमारी रोका

ख)	गाउँपालिकाले मनोनयन गरेको माध्यामिक विद्यालयको प्र.अ.- अनिल आचार्य, शहिद शुक्र मा. वि.सीमा

ग)	अध्यक्षले तोकेको स्वास्थ्यकर्मिः	- जनस्वास्थ्य निरिक्षक, उपेन्द्र यादव/ संजिव खड्का

घ)	उपाध्यक्षले तोकेको कर्मचारीः	- सहायक पाँचौ, चेतन बुढामगर

**निर्णय नं. ८:**

भूमे गाउँपालिकाको उपभोक्ता समिति वा लाभग्राही समुदायमार्फत सार्वजनिक निर्माण गराउने सम्बन्धी कार्यविधि, २०७९ को अनुसूचि ४ बमोजिम हुनेछ ।

**निर्णय नं. ९:**

उपभोक्ता समिति वा लाभग्राही समुदायमार्फत सार्वजनिक निर्माण गराउने कार्यको लागत अनुमानमा विविध खर्च सम्बन्धी व्यवस्था सम्बन्धमा देहाय बमोजिम हुने गरी निर्णय गरियोः

क)	रु. ५ लाख सम्मको बजेटमा – ५,०००।– (अक्षरुपी पाँच हजार मात्र) ।

ख)	रु. ५ लाख भन्दा माथी रु. १० लाखसम्मको बजेटमा – १०,०००।– (अक्षरुपी दश हजार मात्र) ।

ग)	रु. १० लाख भन्दा माथी – १२,०००।– (अक्षरुपी बाह्र हजार मात्र) ।

**निर्णयमा फरक मतको अभिलेख**

| प्रस्ताव नं. | फरक मत राख्ने सदस्यको नाम र पद | फरक मतको बेहोरा | कैफियत |
|---|---|---|---|
| | | फरक मत नभएको | |

भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खाबाङ्बगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल
२०७३

निर्णय प्रमाणित गर्दछु
हस्ताक्षरः
मितिः २०८०।४।६
पदः